# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

# वार्षिक प्रतिवेदन
## २०६०/०६१




चिलिमे जलविद्युत गृह (भूमिगत)

कालिकास्थान, काठमाण्डौ
२०६२ आषाढ




Fig.-1 PROJECT LOCATION MAP

# विषय सूची


| | | |
|---|---|---|
| १. | संगठन तालिका | |
| २. | संचालक समिति | |
| ३. | कम्पनीको शेयरधनीहरु | |
| ४. | आठौं वार्षिक साधारण सभा सम्वन्धी सूचना | |
| ५. | संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन | १ |
| ६. | लेखा परीक्षकको प्रतिवेदन सहितको आय-व्यय विवरण र वासलात | १३ |
| ७. | Generation Status/Chart of Chilime Hydropower Plant | २८ |
| ८. | Projects under study in the upper reaches of Chilime Khola | ३० |
| ९. | Salient features of Sanjen (Upper Chilime) and Sanjen (Upper) HEP | ३१ |
| १०. | Layout Plan and Profile of Sanjen HEP | ३३ |
| ११. | Photographs of Chilime Hydropower Project (before and after construction) | ३४ |
| १२. | Photographs of Chilime Project Engineers | ३६ |



चिलिमे जलविद्युत कम्पनी लिमिटेड
कालिकास्थान, काठमाण्डौ
फोन नं. : ४४१७४३४/ ४४४३०७७
फ्याक्स : ०९७७-०१-४४४३०७६
Email : chpcl@wlink.com.np

# CHILIME HYDROPOWER COMPANY LIMITED
## ORGANIZATION CHART



# संचालक समिति



डा. जनकलाल कर्माचार्य
अध्यक्ष



श्री उत्तर कुमार श्रेष्ठ
संचालक



श्री बलराम श्रेष्ठ
संचालक



श्री तीर्थनाथ ठाकुर
संचालक



श्री गोकर्ण प्रसाद शर्मा
संचालक



श्री कुमार प्रसाद ओझा
संचालक



डा. डम्वर बहादुर नेपाली
प्रवन्ध संचालक

# कम्पनीका संस्थापक शेयरधनीहरु

नेपाल विद्युत प्राधिकरण


श्री सन्त बहादुर पुन


श्री विष्णुबम मल्ल


डा. जनकलाल कर्माचार्य


श्री रामसुरत पाण्डे


श्री रवीन्द्र बहादुर श्रेष्ठ


श्री माणिक रत्न तुलाधर


श्री गौरीमान कडरिया


श्री नीमा छिरिङ्ग भुटिया


श्री बद्री विनोद ढुंगाना


श्री गोविन्द के.सी.


श्री बिजय नाथ उप्रेती


श्री उत्तर कुमार श्रेष्ठ


डा. डम्वर बहादुर नेपाली


श्री गोकर्ण प्रसाद शर्मा


श्री कुमार प्रसाद ओझा


श्रीमती शारदा सुवाल


श्री रामकृष्ण श्रेष्ठ

# चिलिमे जलविद्युत कम्पनी (लि.)

कालिकास्थान, काठमाण्डौ ।

## आठौं बार्षिक साधारण सभा सम्वन्धी सूचना

श्री शेयरधनी महानुभावहरु,

यस कम्पनीको **आठौं बार्षिक साधारण सभा** निम्न बिषय उपर छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सवै शेयरधनी महानुभावहरु स्वयंम उपस्थित हुन वा रित पूर्वक प्रतिनिधि मुकरर गरी पठाई दिनु हुन संचालक समितिको निर्णयानुसार सवै शेयरधनी महानुभावहरुमा अनुरोधछ ।

<u>मिति, समय र स्थान:</u>

मिति : २०६२ आषाढ १० गते शुक्रबार (जून २४, २००५)
समय : सांझ ५:०० बजे
स्थान : होटेल याक एण्ड यती, दरवारमार्ग, काठमाण्डौ ।

<u>छलफल हुने विषयहरु:</u>

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.ब. २०६०/०६१ को बार्षिक प्रतिबेदनको प्रस्तुति ।
२. लेखापरीक्षण प्रतिवेदन सहितको लेखापरीक्षण भएको आ.ब. २०६०/०६१ को हिसाव किताव (वासलात तथा आर्थिक विवरणहरु) पारित गर्ने ।
३. आ.ब. २०६१/०६२ का लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्वन्धमा ।
४. संचालक समितिबाट प्रस्तावित लाभांश स्वीकृति सम्वन्धमा ।
५. संचालककहरुलाई भत्ता तथा सुविधा दिने सम्वन्धमा ।
६. आठौं बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनीहरु र संचालककहरुको तर्फबाट प्रतिनिधि नियुक्त गर्ने सम्बन्धमा ।
७. विविध:

चिलिमे जलविद्युत कम्पनी लि.
कालिकास्थान, काठमाण्डौ ।
फोन. नं. ४४१७४३४, ४४४३०७७

# चिलिमे जल विद्युत कम्पनी (लि.)
## कालिकास्थान, काठमाण्डौ

## प्रतिनिधि नियुक्त गर्ने फारम

................................................ बस्ने म/हामी ................................................ ले चिलिमे जलविद्युत कम्पनी लिमिटेडको शेयरधनीको हैसियतले मिति २०६२ साल आषाढ १० गते शुक्रबारका दिन हुने आठौं बार्षिक साधारण सभामा मेरो/हाम्रो प्रतिनिधित्व गरी भाग लिन ................................................ बस्ने श्री ................................................ लाई नियुक्त गरेको छु/छौं ।

| प्रतिनिधि हुनेको | प्रतिनिधि नियुक्त गर्नेको |
|---|---|
| नाम : | नाम : |
| दस्तखत : | दस्तखत : |
| ठेगाना : | ठेगाना : |
| शेयर प्रमाणपत्र नं. : | शेयर प्रमाणपत्र नं. : |
| शेयर संख्या : | शेयर संख्या : |
| मिति : | मिति : |

**द्रष्टब्य** : प्रतिनिधि नियुक्त गर्दा चिलिमे जलविद्युत कम्पनी लि.को शेयरधनी बाहेक अरुलाई गर्न पाइने छैन ।

---

# चिलिमे जल विद्युत कम्पनी लिमिटेड

## प्रवेश-पत्र

कम्पनीको मिति २०६२ साल आषाढ १० गते शुक्रबारका दिन हुने आठौं बार्षिक साधारण सभामा भाग लिन यो प्रवेश-पत्र जारी गरिएको छ ।

शेयरधनीको नाम:

प्रमाण पत्र नं. :

शेयर संख्या :

प्रवन्ध संचालक

(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ ।)



# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

## आठौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने प्रतिबेदन ।

आदरणीय शेयरधनी महानुभावहरु,

सर्वप्रथम यस चिलिमे जलविद्युत् कम्पनी लिमिटेडको आठौं बार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समिति तथा मेरो आफ्नै तर्फबाट समेत हार्दिक स्वागत गर्दछु ।

श्री ५ को सरकारको जलश्रोत नीति तथा उद्देश्य अनुरुप यो कम्पनी नेपालमा जलविद्युत उत्पादन क्षेत्रमा नेपाली प्राविधिक क्षमतालाई आत्मनिर्भर वनाउन र स्वदेशी पुँजी परिचालनको साथै नीजि लगानी आकर्षण गर्ने उद्देश्यले संस्थापना भएको पब्लिक लिमिटेड कम्पनी भएको ब्यहोरा यहाँहरुलाई अवगत नै छ । कम्पनीलाई एक नाफामुलक, स्व:निर्भर तथा सस्तो मुल्यमा विद्युत उत्पादन गर्ने नीजिक्षेत्रको संगठित संस्थाको रुपमा विकसित गर्न यहाँहरुबाट प्राप्त अमुल्य सहयोगको लागि संचालक समितिको तर्फबाट हार्दिक धन्यबाद ज्ञापन गर्दै यस किसिमको सहयोग र सद्भाव निरन्तर प्राप्त हुने अपेक्षा गर्दछु ।

यस कम्पनीको सातौं बार्षिक साधारण सभा मिति २०६१/५/८ मा सम्पन्न गरिएको कुरा यहाँहरुलाई अवगत नै छ । लेखा परीक्षण भएको आर्थिक बर्ष २०६०/६१ को आय-व्यय विवरण तथा वासलात यहाँहरु सबैलाई उपलब्ध गराई सकिएकै छ । त्यसबाट कम्पनीको आ.ब. २०६०/६१ को आर्थिक कृयाकलाप सम्बन्धमा जानकारी प्राप्त गर्नु भएकै छ भन्ने मलाई विश्वास लागेको छ । कम्पनीमा भएका मुख्य मुख्य कामहरु यहाँ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. कम्पनीको संचालन:

जल विद्युत विकासमा नेपाली शीप र पुँजीको परिचालन गरी जल विद्युत उत्पादनमा टेवा पु-याउने यस कम्पनीको उद्देश्य आयोजनाको निर्माण सम्पन्न भएबाट सफल भएको छ । हाल चिलिमे जलविद्युत केन्द्र, कम्पनीको आफ्नै कर्मचारीहरुबाट सन्तोषजनक रुपमा संचालन, संभार तथा ब्यवस्थापन भैरहेको छ ।

चिलिमे जल विद्युत केन्द्रबाट उत्पादन भएको विद्युतशक्ति एक मुष्ट खरीद गरी लिन नेपाल विद्युत प्राधिकरण र कम्पनी बीच मिति २०५४ आषाढ ११ गते विद्युत खरीद बिक्री सम्झौता सम्पन्न भएको कुरा पनि यहाँहरु सबैलाई अवगत नै छ । कम्पनीले जल विद्युत उत्पादन गर्न विद्युत ऐन, २०४९ बमोजिम श्री ५ को सरकार जलश्रोत मन्त्रालय, विद्युत विकास केन्द्रबाट चिलिमे जल विद्युत आयोजनाको नामबाट ५० वर्षको

स्वपूँजी अन्तर्गत संस्थापक शेयरधनीहरुबाट प्राप्त हुनु पर्ने शेयर पूँजी रु. ४९,२१,९५,०००/- प्राप्त भैसकेको छ भने कम्पनी तथा ने.वि.प्रा.का कर्मचारी र सर्वसाधारणमा शेयर विक्री गरी उठाउन पर्ने पूँजीका सम्वन्धमा २०६२ आषाढ महिनासम्ममा ने.वि.प्रा. का कर्मचारीहरुकालागि र २०६२ पौष मसान्तसम्ममा सर्वसाधारणको लागि शेयर निष्काशन गरिने गरी प्रकृया अगाडि बढाई सकिएको छ ।

## ४.२ आयोजनाको लागत:

चिलिमे जलविद्युत आयोजनाको सन् १९९९ मा गरिएको Detail Engineering Design अनुसार रु. २,३२,३१,८९,०००/- लागत लाग्ने अनुमान गरिएकोमा आयोजना सम्पन्न हुँदासम्ममा रु. २,४७,७८,९४,५२१/७९ रकम खर्च हुन गएको छ । आयोजना सम्पन्न गर्न अनुमानित समय तालिका भन्दा २२ महिना थप समय लाग्न गएको छ । जसले गर्दा निर्माण लागत प्रतिशतको आधारमा ६.६६% ले बढी हुन गएको छ ।

आयोजना समयमै सम्पन्न गर्न आयोजनाले आफुसंग भएको श्रोत र साधन अधिक भन्दा अधिक लगाउँदा लगाउँदै पनि निम्न कारणहरुले गर्दा थप समय र लागत लाग्न गएको छ ।

### क) प्रवेशमार्गको नाजुक अवस्था

आयोजना विकट हिमाली क्षेत्रमा रहेको र यसको प्रवेशमार्ग (पासाङ्गल्हामु राजमार्ग) प्रत्येक मनसुनको समयमा पहिरो आउने, भू-स्खलन भै सडक भासिने र सडक सतह बगाई प्रत्येक वर्षको कम्तिमा ३ महिना यातायात संचालन गर्न नसकिने अवस्था रहेको ।

### ख) असामान्य परिस्थीति

देशमा व्याप्त असामान्य परिस्थितिले गर्दा निर्धारित कार्यक्रम अनुसार विष्फोटनको कार्य स्थानिय प्रशासनको निर्देशन अनुसार निर्धारित समयमा मात्र गर्नु परेकोले लक्ष्य हासिल हुन नसकेको ।

### ग) भूमिगत संरचना (HRT) को भौगर्भिक अवस्था

ठेक्का सम्झौतामा सुरुङ्गकोलागि उल्लेख गरिएका भौगर्भिक बर्गिकरणहरु Class II देखि Class IV का Rock mass हुने अनुमान गरिएकोमा अति कम्जोर भौगर्भिक अवस्थाको Rock mass Class V र Class VI को परिमाण १०,९१३ घ.मी. अर्थात ३९.१४% रहन गएको कारणले हेडरेस सुरङ्ग निर्माण गर्दा समय र निर्माण सामाग्रीहरु दुवैको बढोत्तरी भएको ।

## (ग) चुक्ता पूँजी

आ.ब. २०६०/६१ को लेखा परिक्षण भएको हिसाव बमोजिम २०६१ आषाढ मसान्त सम्म कम्पनीको चुक्ता पूँजी निम्न बमोजिम रहेको थियो ।

| | |
|---|---|
| नेपाल विद्युत प्राधिकरण | रु. ४८,९६,००,०००/- |
| अन्य संस्थापक शेयरवालाहरु | रु. २५,९५,०००/- |
| जम्मा | रु. ४९,२१,९५,०००/- |

## (घ) कर्मचारी ब्यबस्थापन

कम्पनीले आ.ब. २०६०/६१ मा पनि आयोजना निर्माणको बाँकी कार्यहरु सम्पन्न गर्न र नयाँ आयोजना अर्थात माथिल्लो चिलिमे र सानजेन जस्ता आयोजनाहरुको संभाव्यता अध्ययन कार्य सबैजसो प्राधिकरणकै कर्मचारीहरुबाटै गराइएको थियो । केही नपुग प्राविधिक कर्मचारीहरु सिमित समयको लागि करार सेवाबाट पनि व्यवस्था गरिएको थियो ।

चिलिमे जलविद्युत केन्द्र संचालन गर्न स्थाई कर्मचारीहरुको लागि दरवन्दीको व्यवस्था र स्थाई गर्ने आधारभूत कार्यत्रामहरु त्यार भै सकेको छ । आ.ब. २०६०/६१ मा देहायका व्यक्तिहरुले देहायको जिम्मेवारी बहन गरेका थिए ।

- डा. डम्बर बहादुर नेपाली - प्रवन्ध संचालक
- श्री लिलानाथ भट्टराई - आयोजना प्रमुख
- श्री हितेन्द्र देव शाक्य - विद्युत केन्द्र प्रमुख
- श्री बिदुर बहादुर ढुंगाना - लेखा प्रमुख
- श्री केदार प्रसाद धिताल - प्रशासन प्रमुख

## (ङ) आ.ब. २०६०/६१ मा आयोजनामा भएका मुख्य मुख्य कामहरु:

- आयोजनाको भूमिगत सिभिल निर्माण कार्य अन्तर्गत हेडरेस सुरुङ्ग, सर्ज टैरक, पेनस्टक साफ्ट, स्टील पेनस्टक पाईप, पावरहाउस क्याभर्न र कन्ट्रोल रुम तथा सर्भिस विल्डीङ्ग, ट्रान्सफरमर क्याभर्न, टेलरेस टनेल र प्रवेश सुरुङ्ग आदिको निर्माण कार्य पूरा भएको र जल बहावमा पर्ने संरचनाहरुको मिति २०६०/२/२४ मा Wet Test सफलतापूर्वक सम्पन्न गरी ठेक्का सम्झौता अन्तर्गतको Defect Liability Period मिति २०६१/२/२४ मा पूरा भएको ।

- गेट, स्टपलग, जाली, भल्भ आदि हाइड्रोमेकानिकल कार्यको सम्पूर्ण निर्माण कार्य पूरा भई सो को Defect Liability Period मिति २०६१/२/१८ मा पूरा भई सकेको ।

२)   **नागरिक लगानी कोष :**

कम्पनी तथा ने.वि.प्रा.का कर्मचारीहरुका लागि तथा सर्वसाधारणमा निष्काशन गरिने शेयर बिक्रीबाट प्राप्त हुने रकमबाट कट्टा गर्ने गरी आ.ब. २०६०/६१ आषाढ मसान्त सम्म ब्याज समेत गरी कूल ऋण रकम रु.३८,१९,२४,११९/८४ लिइएको थियो । उक्त पूँजीकृत रकमको ब्याज रु. २,०२,७२,३४५/४४ नागरिक लगानीकोषलाई यस आ.ब. मा भुक्तानी गरिएको ।

३)   **हिमालयन बैंक लिमिटेड :**

हिमालयन बैंकबाट आ.ब. २०५९/६० को आषाढ मसान्त सम्मको ओभर ड्रा्फ्ट र ब्याज समेत गरी जम्मा रकम रु. २०,२५,४१,१८५/०१ लिइएको थियो । उक्त पूँजीकृत रकमको ब्याज रु. २,०१,५१,३५८/०४ र साँवा रु. २०,३०,५२४/५७ गरी जम्मा रु. २,२१,८१,८८२/६१ हिमालयन बैंकलाई भुत्ताानी गरिएको र यस आ.ब. को अन्त्यमा ओभरड्राफ्ट रु. २०,४५,७१,७०९/५८ बाँकी रहेको ।

४)   **लक्ष्मी बैंक लिमिटेड:**

लक्ष्मी बैंकबाट आ.ब. २०५९/०६० आषाढ मसान्त सम्म साँवा र ब्याज समेत गरी जम्मा रु. ५,१३,१५,७५३/४२ अल्पकालिन ऋण लिइएको थियो । उक्त रकमको ब्याज रु. ४३,४४,३२३/४३ लक्ष्मी बैंक लिमिटेडलाई यस आ.ब. मा भुक्तानी गरिएको थियो ।

## ६।   चालु आ.ब. (२०६१/०६२) मा भएका कामको संक्षिप्त विवरण:

- आयोजनाबाट विद्युत उत्पादन सुरु गरी आम्दानी भए पछि मात्र Peaking Pondage निर्माण गर्ने भन्ने संचालक समितिको निर्णयानुसार चालु आ.ब. २०६१/६२ मा वजेटको व्यवस्था गरी टेण्डर प्रकृया सकेर निर्माण कार्य संचालन भै-रहेको छ ।

- चिलिमे जलविद्युत आयोजनाको आयोजना सम्पन्न प्रतिवेदन (Completion Report), निर्माण सम्पन्न भए अनुसार वनाइएका ड्रईङ्गहरु (As built Drawings) र जलविद्युत केन्द्र संचालन सम्भार गर्न आवश्यक दस्तावेज (Operation and maintenance manuals) जस्ता प्रतिवेदनहरु त्यार गर्ने कार्य पुरा गरिएको छ ।

- चिलिमे जलविद्युत केन्द्र र यसमा संलग्न र सम्वन्धित सम्पूर्ण उपकरणहरु र सरचनाहरु भूकम्प, बाढी, पहिरो, आगजनी र अन्य जोखिमहरु धान्ने गरी वीमाको व्यवस्था गरिएको छ ।

- ने.वि.प्रा. का कर्मचारीहरुको लागि प्रस्तावित शेयर निष्काशनको प्रकृया पुरा भईसकेको व्यहोरा अवगत गराउँदछु ।

- सर्वसाधारणको लागि प्रस्तावित शेयर निष्काशन आगामी आ.ब. २०६२/०६३ को ६ महिना भित्र गरिने कुरा जानकारी गराउन चाहन्छु ।

ख) <u>माथिल्लो चिलिमे</u>

कम्पनीको अग्रगती र विकासको लागि कम्पनीले अध्ययन अनुमति प्राप्त गरी सकेको Sanjen (Upper) 10 MW र Upper Chilime 30MW को Cascade को रुपमा अध्ययन भै रहेको ब्यहोरा सहर्ष जानकारी गराउँदछु । उक्त आयोजनाहरुको अध्ययन खर्च कम्पनीको संचित आयबाट जुटाईएको ब्यहोरा अवगत गराउँदछु ।

चिलिमे जलविद्युत कम्पनीको लक्ष्य र उपलब्धि प्रति जनमानसमा दरिलो विश्वास र राष्ट्रिय रुपमानै चर्चित रहेको संस्मरण गराउन पाउँदा मलाई खुसी लागेको छ ।

ग) <u>अन्य आयोजनाहरु</u>

यस कम्पनीको स्विकृत प्रवन्ध-पत्र र नियमावलीमा व्यवस्था भए अनुरुप विद्युत विकास गर्न नेपाली कम्पनीहरु र विदेशी संस्थाहरुसँग सहकार्य गर्न छलफल भई रहेको व्यहोरा अनुरोध गर्दछु ।

८. <u>संचालक समितिको अवधारण:-</u>

कम्पनीले चिलिमे जलविद्युत आयोजना निर्माण सम्पन्न गरी सकेको र विद्युत केन्द्रबाट लक्ष्य अनुसार नियमित रुपमा विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई विक्री गरी रहेको छ । आयोजना निर्माणको लागि लिइएको ऋण समेत तिर्न शुरु गरी सकिएकोले कम्पनीको ऋणभार समेत क्रमश घटेरै गैरहेको छ । कम्पनीले यसै गरी स्थानीय साधन र श्रोत परिचालन गरी माथिल्लो चिलिमे जलविद्युत आयोजनाहरुको साथै स्वदेशी एवं विदेशी कम्पनीहरुसँगको साझेदारीमा देशका अरु जलविद्युत आयोजनाहरु पनि निर्माण गर्न सक्नेछ भन्ने विश्वास लिएको छु ।

९. <u>कम्पनीले निकट भविष्यमा गर्ने कामहरु:</u>

गत वर्षको सातौं साधारण सभामा चिलिमे जल विद्युत आयोजना सम्पन्न गरी अर्को आयोजना निर्माण कार्य शुरु गर्ने उदेश्यले माथिल्लो चिलिमेको सर्वेक्षण तथा सम्भाव्यता अध्ययनको लागि अनुमति-पत्र प्राप्त २५ मेगावाट क्षमतालाई १० र ३० मेगावाट गरी

प्रारम्भिक अध्ययनबाट देखिए अनुसार १० मेगावाट क्षमताको आयोजना करिव रु. १ अरव ५० करोडको लागतमा निर्माण गरी वार्षिक सरदर ६७ गेगावाट आवर विद्युत उत्पादन हुने र ३० मेगावाटको आयोजना करिव २ अरव ५० करोडको लागतमा १९९ गेगावाट आवर विद्युत उत्पादन गरी ने.वि.प्रा. लाई विक्री गर्न सकिने देखिएको छ । यसबाट कम्पनीको भौतिक तथा आर्थिक क्षमतामा अभिबृद्धि हुने अपेक्षा गेरिएको छ ।

## १०. लाभांश

यस कम्पनीले मिति २०६० साल भाद्र ८ गतेदेखि व्यापारिक उत्पादन शुरु गरेको र आर्थिक वर्ष २०६०/०६१ मा करिव २७ करोड मुनाफा आर्जन गर्न कम्पनी सफल भएकोले कम्पनीको नियमानुसार शेयर लगानीको १०% लाभांश वितरण गर्ने स्विकृतिको लागि संचालक समितिको तर्फबाट यस साधारण सभामा प्रस्ताव ल्याएकोछु । आशा एवं विश्वास छ, यसबाट देशमा जलविद्युत विकास गर्न सर्वसाधारणमा लगानी गर्ने उत्साह बढ्नेछ ।

## ११. कृतज्ञता ज्ञापन तथा धन्यवाद

अन्तमा, संचालक समिति प्रति देखाउनु भएको सहयोग, सद्भाव र विश्वासको निमित्त सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु । त्यस्तै आयोजना निर्माणका लागि ऋण सहयोग उपलब्ध गराउने कर्मचारी संचय कोष, नागरिक लगानी कोष, लक्ष्मी बैंक लिमिटेड र ओभर ड्राफटको सुविधा प्रदान गर्ने हिमालयन बैंक लिमिटेडलाई पनि धन्यवाद दिन चाहन्छु । ऋणका लागि जमानत बसिदिइ ऋण लिन सहयोग पुऱ्याएकोमा नेपाल विद्युत प्राधिकरणलाई विशेष धन्यवाद दिन चाहन्छु ।

आयोजनाको निर्माण तथा संचालनको निमित्त आवश्यक सहयोग गर्ने जलश्रोत मन्त्रालय, विद्युत विकास विभाग, भंसार विभाग, वाणिज्य विभाग, उद्योग विभाग, सडक विभाग, वन विभाग, लाङटाङ्ग राष्ट्रिय निकुञ्ज, स्थानिय प्रशासन, प्रहरी प्रशासन, सुरक्षा निकाय, जिल्ला विकास समिति, गा.वि.स.हरु, स्थानिय जनता, संघ संस्थाहरु, सवै संचार माध्यमहरु एवं सम्वन्धित एजेन्टहरु पनि धन्यवादका पात्र छन ।

आयोजनाको सफल कार्यान्वयन तथा सुचारु रुपले संचालन गर्नका लागि प्रारम्भदेखि सहयोग पुऱ्याउने नेपाल विद्युत प्राधिकरण कर्मचारी युनियन, संघ, परिषद लगाएत सवै कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

आयोजनाको निर्माण कार्यमा संलग्न स्वदेशी एवं विदेशी निर्माण कम्पनीहरु पनि धन्यवादका पात्र हुन् । कम्पनी तथा आयोजनालाई यस चरण सम्म सफल पार्न क्रियाशिल कम्पनी तथा आयोजनाका सवै कर्मचारीहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । साथै चिलिमे जलविद्युत केन्द्रमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई पनि

**Prabin Joshi & Co.**
*chartered Accountants*

**Address:**
Chha 1/823 Maharajgunj, Ring Road
Kathamandu, Nepal
Tel: 4720959, 4720766
E-Mail: pdjoshi@mos.com.np

## चिलिमे जलविद्युत कम्पनी (लि.) का शेयरधनी महानुभाव समक्ष
## लेखापरीक्षकको प्रतिवेदन

१. हामीले चिलिमे जलविद्युत कम्पनी (लि.) कालिकास्थानको यसै साथ संलग्न २०६१ साल असाढ ३१ गते (जुलाई १५, २००४) को वासलात २०६० साल भाद्र ८ गते देखि २०६१ साल असाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब एवं आर्थिक बर्ष २०६०/६१ को नगद प्रवाह विवरणको लेखापरीक्षण गरेका छौ । वित्तिय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तिय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. हामीबाट नेपाल लेखापरिक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । वित्तिय विवरण सारभुतरुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि यी सिद्धान्तहरु अनुसार लेखापरीक्षण योजना तयार गरी तदनूसार लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ । वित्तिय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । कम्पनीले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपुर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । हाम्रो परिक्षणबाट हाम्रो लेखापरीक्षण मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

३. हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सूचना एवं स्पष्टिकरणको साथै माग गरेको विवरणहरु यथाशिघ्र तथा सन्तोषजनक रुपमा पायौं । कम्पनीको हिसाब किताब तथा श्रेस्ता प्रचलित कानुन बमोजिम राखिएका छन् । संलग्न वासलात, नाफानोक्सान हिसाब तथा नगद प्रवाह विवरण कम्पनी ऐनद्वारा निर्दिष्ट ढाँचामा तयार भएको र सो विवरणहरु कम्पनीको लेखासँग ठिक दुरुस्त छन् ।

४. हाम्रो विचारमा हामीलाई उपलब्ध गराईएको जानकारी तथा स्पष्टिकरण अनुसार संलग्न हिसावले सोमा उल्लेखीत प्रमुख लेखानीति तथा टिप्पणी साथ अध्ययन गर्दा:

   क. वासलातको २०६१ साल आषाढ मसान्तको यथार्थ आर्थिक अवस्था र
   ख. नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरणले २०६० साल भाद्र ८ गते देखि २०६१ साल असाढ मसान्त सम्मको कारोवार नतिजा एवं उक्त आर्थिक वर्षको नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गर्दछ ।

५. हामीलाई उपलब्ध गराईएको जानकारी तथा स्पष्टिकरणको आधारमा कम्पनीको संचालक समिति वा कुनै कर्मचारीले कानुन विरुद्ध कामकाज वा वेहिसाव गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको कुनै कुरा लेखापरिक्षणको शिलशिलामा हाम्रो जानकारीमा आएन ।

६. हामीले परिक्षण गरेको हिसावको आधारमा हामीलाई उपलब्ध गराईएको सुचना एवं जानकारी अनुसार कम्पनीको कारोवार सन्तोषप्रद रुपबाट संचालन भएको देखिन्छ ।

मिति २०६१/१२/३०

प्रविण ध्वज जोशी
चार्टर्ड एकाउन्टेन्ट्स

# चिलिमे जलविद्यूत कम्पनी लिमिटेड

## कालिकास्थान, काठमाण्डौ

## <u>नाफा नोक्सान हिसाव</u>

२०६० भाद्र ८ देखि २०६१ आषाढ मसान्त सम्मको

| विवरण | अनुसूची | यस अवधिको २०५९/०६० (रु.) |
|---|---|---|
| विक्री आम्दानी | | ५९३,५३५,७९०।४७ |
| विक्रीको लागत | १४ | ३०,०३७,९४५।८९ |
| मोटामोटी नाफा | | ५६३,४९७,८४४।५८ |
| अन्य आम्दानी | | ३०७,२९५।५७ |
| व्याबसायीक खर्च | | |
| वितरण खर्च | | |
| प्रशासकिय खर्च | १५ | (३५,०१५,७५३।९२) |
| संचालनबाट नाफा | | ५२८,७८९,३८६।२३ |
| ब्याज खर्च | | (१६२,६९५,२८९।८२) |
| ह्रास खर्च | ४ | (९२,९९८,८९३।०१) |
| सम्पत्ति विक्री गर्दाको आम्दानी | | ७२९,८३८।२७ |
| आयकर कट्टी गर्नु अघिको नाफा | | २७३,८२५,०४१।६७ |
| आयकर | | |
| आयकर कट्टी पछिको नाफा | | २७३,८२५,०४१।६७ |
| <u>बाँडफाँड</u> | | |
| क. प्रस्तावित लाभास | | ४९,२१९,५००।०० |
| ख. बाँकी वासलातमा सारेको | | २२४,६०५,५४१।६७ |

पुष्कर प्रसाद आचार्य
स. लेखा अधिकृत

डा. डम्वर वहादुर नेपाली
प्रवन्ध संचालक

डा. जनकलाल कर्माचार्य
अध्यक्ष

प्रविणध्वज जोशी
लेखा परिक्षक
चार्टर्ड एकान्टेण्ट

उत्तर कुमार श्रेष्ठ
संचालक

वलराम श्रेष्ठ
संचालक

तीर्थ नाथ ठाकुर
संचालक

गोकर्ण प्र. शर्मा
संचालक

कुमार प्रसाद ओझा
संचालक

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड
## कालिकास्थान, काठमाण्डौ

**शेयर पूँजि** अनुसूची - १

| विवरण | यस वर्षको (२०६०/०६१) रु | गत वर्षको (२०५९/०६०) रु |
|---|---|---|
| अधिकृत पुंजी | | |
| १,००,००,००० शेयर कित्ता प्रति शेयर रु. १०० ले | १,०००,०००,०००।०० | १,०००,०००,०००।०० |
| जारी पुंजी | | |
| ९६,००,००० शेयर कित्ता प्रति शेयर रु. १०० ले | ९६०,०००,०००।०० | ९६०,०००,०००।०० |
| चूक्ता पुंजी | | |
| ४९,२१,९५० शेयर कित्ता प्रति शेयर रु. १०० ले | ४९२,१९५,०००।०० | ४७७,९५९,०००।०० |
| जम्मा | ४९२,१९५,०००।०० | ४७७,९५९,०००।०० |

**जगेडा कोष र संचित नाफा** अनुसूची - २

| विवरण | यस वर्षको (२०६०/०६१) रु | गत वर्षको (२०५९/०६०) रु |
|---|---|---|
| क. पुंजीगत जगेडा | | |
| ख. आयगत जगेडा | | |
| ग. संचित नाफा | | |
| आय विवरण नाफा नोक्सान | २२४,६०५,५४१।६७ | - |
| जम्मा | २२४,६०५,५४१।६७ | - |

**मध्यम र दीर्घकालिन ऋण** अनुसूची - ३

| विवरण | | यस वर्षको (२०६०/०६१) रु | गत वर्षको (२०५९/०६०) रु |
|---|---|---|---|
| १. सुरक्षित ऋण | | | |
| क. दीर्घकालिन ऋण कर्मचारी संचयकोष | ९२९,०००,०००।०० | | |
| ख. नागरिक लगानी कोष | ४००,५६७,३७२।३६ | १,३२९,५६७,३७२।३६ | १,४५०,३३९,००७।७६ |
| २. असुरक्षित ऋण | | | |
| जम्मा | | १,३२९,५६७,३७२।३६ | १,४५०,३३९,००७।७६ |

## लगानी

अनुसूची - ५

| विवरण | यस वर्षको (२०६०/०६१) रु | गत वर्षको (२०५९/०६०) रु |
|---|---|---|
| लगानी | | |
| जम्मा | | |

## जिन्सी मौज्दात

अनुसूची - ६

| विवरण | यस वर्षको (२०६०/०६१) रु | गत वर्षको (२०५९/०६०) रु |
|---|---|---|
| क. स्टोर, स्पेयर पार्टस् र लुज टूल्स् | १०,५७५,९१६।७९ | ७,९८३,३८७।६५ |
| ख. स्टक मौज्दात | | |
| १. कच्चा पदार्थ र सामाग्री | - | ६४८,४६३।९१ |
| २. निर्माणाधिन सामाग्री | - | २१३,३८८।०४ |
| ३. अन्य मौज्दात | ५४५,६४६।६० | - |
| जम्मा | ११,१२१,५६३।३९ | ८,८४५,२३९।६० |

## व्यापारिक तथा अन्य प्राप्त रकम

अनुसूची - ७

| विवरण | यस वर्षको (२०६०/०६१) रु | गत वर्षको (२०५९/०६०) रु |
|---|---|---|
| आसामी हिसाव | | |
| आसामी हिसाव | ९१,९११,७९१।५७ | - |
| आसामी हिसाव (६ महिना भन्दा वढी) | १२,५२७,०७९।५९ | - |
| न्युन शंकास्पद आसामी | | |
| जम्मा | १०४,४३८,८७१।१६ | - |

## नगद र अन्य मौज्दात

अनुसूची - ८

| विवरण | यस वर्षको (२०६०र०६१) रु | गत वर्षको (२०५९र०६०) रु |
|---|---|---|
| वैंक मौज्दात | २८,८८७,१६१।४९ | २८,८९६,४०३।२५ |
| नगद मौज्दात | | |
| जम्मा | २८,८८७,१६१।४९ | २८,८९६,४०३।२५ |

## अग्रिम भुक्तानी रकम र पेश्की, सापटी, धरौटी

अनुसूची - ९

| विवरण | यस वर्षको (२०६०/०६१) रु | गत वर्षको (२०५९/०६०) रु |
|---|---|---|
| क. पेश्की तथा सापटी | | |
| ने.वि.प्रा.बाट आएका कर्मचारीहरुको सापटी रकम | १,६७१,७३३।४० | १,९७९,२२६।४० |
| अन्य | - | ३,३५७,१८९।१८ |
| ख। अग्रिम भुक्तानी रकम र पेश्की | | |
| सुरक्षण धरौटी | १,०८०,७९९।७२ | ३१७,०००।०० |
| अन्य (भन्सार धरौटी) | ६०३,६६१।०० | ४,८०८,६४२।०० |
| अग्रिम आयकर (उपकरण भाडा आम्दानीमा अग्रिम कर कट्टी | ४,११४,१८३।७७ | - |
| प्रतितपत्र तथा वैंक जमानत मार्जिन | ४९३,६५५।०० | ४२१,१०४,०८४।४२ |
| आपूर्तिकर्ता र अन्यलाई अग्रिम भुक्तानी | ४०८,१३५।६४ | ३५,८०४,८३६।९० |
| न्युन शङ्कास्पद | | |
| जम्मा | ८,३७२,१६८।५३ | ४६७,३७०,९७८।९० |

सम्भावित दायित्वहरु

अनुसूची - १३

| | विवरण | यस वर्षको (२०६०/०६१) रु | गत वर्षको (२०५९/०६०) रु |
|---|---|---|---|
| क. | ऋण भई नसकेको कम्पनी विरुद्ध गरिएको दावि | १०१,८९७,४२६।०० | - |
| ख. | कार्यान्वयन हुन बाँकी र प्राप्त नभएको पूँजीगत खर्च तर्फको करारको कुल रकम | | |
| ग. | केही अंश मात्र चुक्ता गरिएको शेयर तर्फ नमागिएको दायित्व | | |
| घ. | कम्पनीको निर्देशक, प्रवन्ध निर्देशक, व्यवस्थापक वा अधिकृत वा तिनीहरु मध्ये कुनै अन्य व्यक्तिसंग मिलि कम्पनीले कुनै वा सवै कुनै व्यक्तिसंग मिलि कम्पनीले कुनै जमानी वसीदिएको रकम | | |
| ङ. | अग्राधिकार शेयर तर्फ प्राप्त नभएको स्थिर तर गाभिंदै जाने लाभांश जुन लाभांश सम्वन्धित वर्षमा प्राप्त गरिएको हुदैन : यदि अग्राधिकार शेयर एक तह भन्दा बढिको भएमा प्रत्येक त्यस्तो तह माथिको प्राप्त नभएको लाभांशको कुल रकम | | |
| च. | कम्पनीले सम्भावित दायित्व वहन गर्नुपर्ने अन्य रकम | | |
| | जम्मा | १०१,८९७,४२६।०० | - |

३) **जिन्सी मूल्यांकन**

जिन्सी सामानको मूल्यांकन ऐतिहासिक मूल्यको आधारमा Moving Average Method द्वारा गरिएको छ ।

४) **विदेशी मुद्राको विनिमय**

कम्पनीको बैंक खातामा रहेको विदेशी मुद्रालाई ने.रा.बैंकको बर्षान्तको (मिति २०६१/३/३१) को खरिद दर अनुसार रुपान्तर गरि राखिएको । यसरी रुपान्तर गर्दा आएको फरक विनिमय फरक खर्चमा देखाइएको छ ।

५) **आम्दानीको लेखांकन**

विद्युत बिक्री बाहेकको आम्दानी नगद प्राप्तीको आधारमा लेखांकन गरिएको छ ।

६) कम्पनीले आफ्नो व्यापारीक उत्पादन भाद्र ८, २०६० बाट शुरु गरेकोले त्यस पछिको व्याज खर्च समेतको सम्पुर्ण खर्च संचालन खर्च (Revenue Expenditure) को रुपमा लेखाकन गरिएको छ ।

*ख. लेखासँग सम्बन्धित टिप्पणीहरु*

७) **जडीत क्षमता**

विद्युत उत्पादन अनुमति पत्रमा जडीत क्षमता २० म.वा. भएतापनि बास्तविक रुपमा जडीत क्षमता २२/५६ म.वा. रहेको छ । विद्युत केन्द्रको उत्पादन परिक्षण अनुसार २२/१ मे.वा. क्षमता कायम भएको छ ।

८) **शेयर संरचना**

कम्पनीको विद्युत उत्पादन अनुमति पत्रमा कम्पनीको शेयर मध्ये ४९% शेयर सर्वसाधारणमा निश्काशन गर्न छुट्ट्याइएको मध्ये २५% शेयर न.वि.प्रा. का वर्तमान र पुर्व कर्मचारी, संचालक, कम्पनीका कर्मचारी एवं संचालकको निमित्त सुरक्षित गरिएको छ । सोको जानकारी सम्वन्धित निकायमा दिईएको छ ।

९) **आयकर व्यबस्था**

आन्तरीक राजश्व विभागबाट प्राप्त पुर्वादेश अनुसार कम्पनीले व्यापारिक उत्पादन मिति देखि १५ बर्ष सम्म आयकर छुट पाउने भएकोले आयकर व्यवस्था गरिएको छैन ।

१०) **सम्भाव्य दायित्व**

ईलेक्ट्रा-मेकानिकल बर्क्सको ठेकेदारको तर्फबाट यूरो ११,०२,७८६/- (२०६१/३/३१ को विनिमय दर अनुसार रु.१०,१८,९७,४२६/-) बरावर माग दावी रहेको छ । यसको मूल्यांकन गरी दिन पर्ने, नपर्ने वा कती दिनु पर्ने सम्वन्धमा एकिन गर्ने कार्य भईरहेको हुँदा सो यकिन भए पछि मात्र लेखांकन गरिने छ ।

पछि बैंकलाई दोश्रो अधिकार रहने गरि कम्पनीको सम्पत्ती सुरक्षण स्वरुप राखिएको छ ।

१७) **कम्पनीका कर्मचारीको उपदान तथा विदा व्यवस्था**

कम्पनीका कर्मचारीहरु स्थायी सेवामा नभएका एवं ने.वि.प्रा. बाट स्थायी खटीई काम गरि रहेको र कम्पनीमा भएका कर्मचारीहरु करार सेवामा मात्र भएकाले उपदान तथा विदाको व्यवस्था गरेको छैन ।

१८) नेपाल विद्युत प्राधिकरणले आ.व. २०५४/५५ सम्म आयोजनामा गरेको खर्च र भूक्तानी रु.९,७२,८२,८२१/२२ संचालक समितिको निर्णय अनुसार यस वर्षको आर्थिक विवरणमा समावेश गरी तयार गरीएको छ ।

१९) विद्युत उत्पादन अनुमति पत्र अनुसार अनुमति पत्रको अवधि ५० वर्ष सम्म रहेको छ । तत् पश्चात आयोजना विना मूल्य श्री ५ को सरकारलाई हस्तान्तरण गर्नु पर्ने छ ।

२०) **वासलात पछिको अवस्था**

मिति २०६१/०५/१३ मा चिलिमे खोलामा आएको वाढीले आयोजना निर्माण कालमा ठेकेदारले अस्थायी रुपमा बनाएको जस्ताको छानो भएको टहरो र टहरो रहेको खोलाको जग्गा बगाएको छ । जसले कम्पनीको प्रस्तुत आर्थिक विवरणमा कुनै सारभुत असर नपर्ने भएकोले सोको व्यवस्था गरिएको छैन ।

२१) विद्युत विक्री आम्दानीमा समावेश Excess Energy र Outage बापतको रु. ३,२५,४६,५०५/१६ सम्वन्धमा ने.वि.प्रा. बाट समर्थन प्राप्त हुन बाँकी छ ।

२२) गतवर्षका अंकहरुलाई आवश्यकता अनुसार समायोजन गरिएको छ ।

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड
## कालिकास्थान, काठमाण्डौ

<u>प्रशासकीय खर्च</u>

अनुसूची - १६

| विवरण | यस वर्षको (२०६०/०६१) रु |
|---|---|
| तलव | २,५०६,९०३।३१ |
| ज्याला | ८६,९४८।०० |
| भत्ता एवं सुविधा | २,५३४,७३१।०५ |
| वढि समय भत्ता | १४८,७००।९२ |
| संचयकोष | १५०,८८७।२६ |
| औषधि उपचार सुविधा | १५१,५४४।०० |
| पानी दस्तुर | ४,२१२।९६ |
| विद्युत | ३०,२३८।६८ |
| परामर्श सेवा | ८५,०००।०० |
| मेशिन उपकरण मर्मत | ६५,४३४।०० |
| सिभिल मर्मत | ६७६,२८८।३७ |
| अन्य मर्मत | १३,४७९।०० |
| ईन्धन | ३७४,०७१।७९ |
| मोविल तथा लुब्रिकेण्ट | ७१,३४३।४० |
| मर्मत तथा संभार | ५०२,४७५।५३ |
| वहाल | ४८४,४६०।०० |
| विमा | १२६,०००।१४ |
| इजाजत दस्तुर | २४७,२२४।०० |
| टेलिफोन | २२६,९५४।२६ |
| परिवहन | १३,४५०।०० |
| भ्रमण | १००,४९१।०० |
| छपाई तथा मसलन्द | २७३,५५७।५० |
| पुस्तक तथा पत्रपत्रिका | १६,५८२।०० |
| विज्ञापन खर्च | १३८,३२०।०० |
| अतिथि सत्कार | ३१,००९।०० |
| तालिम | २५५,०००।०० |
| विविध खर्च | १,०२९,५७९।३० |
| बैंक चार्ज | २१,७२०।०० |
| विनिमय दरमा न्यून | २३०,२८९।४२ |
| लेखापरीक्षण शुल्क | ६५,०००।०० |
| कर्मचारी व्यवस्था रकम | २५१,०२४।७७ |
| अपलेखन खर्च | १५,७८१,४५४।१६ |
| विविध अन्य खर्च | ६४९,४७६।०३ |
| रोयल्टी | २,२१०,०००।०० |
| **जम्मा** | **२९,५५३,८४९।८५** |
| कर्मचारी वोनस व्यवस्था | ५,४६१,९०४।०७ |
| **कुल जम्मा** | **३५,०१५,७५३।९२** |

# CHILIME HYDROPOWER PLANT

## GENERATION CHART






# SANJEN (UPPER) HYDROELECTRIC PROJECT

## SALIENT FEATURES

| | |
|---|---|
| **Location** | Chilime V.D.C. of Rasuwa district. |
| **Type of Project** | Peaking Run-off-river |
| **Hydrology** | |
| Catchment area (Dam site) | 202 $km^2$ |
| 90% dependable flow | 2.3 $m^3/s$ |
| Design flow | 7.5 $m^3/s$ |
| Design flood (100 years) | 182 $m^3/s$ |
| **Geology** | |
| Rock Type | Medium grade metamorphosed schist and quartzite |
| **Head** | |
| **Gross** | 168.96 m |
| **Net** | 160 m |
| **Headworks** | |
| **Weir** | 12 m (l) x 5 m (h) |
| **Intake Type** | Side Intake |
| **Desanding Basin** | |
| Type | Surface Dufour Type Double Chamber |
| Size | 70 m (l) x 15 m (w) x 5 m (h) |
| **Headrace Tunnel** | |
| Length | 1.532 km |
| Size | 2.2 m (w) x 2.2 m (h) |
| **Surge Tank** | |
| Type | Simple Cylindrical |
| Size | 35 m (h), 6 m (dia) |
| **Penstock** | |
| Size | 350 m (l), 1.6~1.9 m (dia) |
| **Powerhouse** | |
| Type | Surface |
| Size | 43 m (l) x 12 m (b), 14 m (h) |
| **Tailrace** | 50 m (l) x 3 m (b) x 2 m (h) |
| **Turbine** | |
| Type | Francis, Horizontal Axis |
| Capacity | 2 Nos., 6 MW each |
| **Generator** | |
| Type | 3 Phase Synchronous AC |
| Rated Power | 2 Nos., 6.0 MVA each |
| **Annual Average Energy** | 67 GWh |
| **Transmission Line** | |
| Length | 12 km |
| Voltage | 66 kV |

## LAYOUT PLAN







## LONGITUDINAL PROFILE

CHILIME HYDROPOWER CO. LTD.

LAYOUT PLAN & PROFILE
OF
SANJEN (UPPER CHILIME)
HYDROELECTRIC PROJECTS

Forebay | Steel Lined Pressure Conduit | Headrace Tunnel (D-Shape Lining)





Headrace Tunnel (Shotcrete Lining) | Headrace Tunnel (Circular Lining) | Headrace Tunnel (Steel Lining)





Surge Tank Looking Down | Penstock Erection | Access Tunnel to Powerhouse





Underground Powerhouse during construction | Underground Powerhouse | Underground Transformer Hall





Single Phase Transformer | Gas Insulated Switch Gear | Powerhouse Control Room





Cable Duct | Emergency Exit | Tailrace Tunnel





Switch Yard | Camp at Syabrubesi | Camp at Thambuchet



चिलिमे हेडवर्क्स



सानजेन (माथिल्लो चिलिमे) जलविद्युत आयोजनाको प्रस्तावित हेडवर्क्स् साईट

चिलिमे जलविद्युत कम्पनी लिमिटेड
कालिकामार्ग, कालिकास्थान
काठमाण्डौ ।

सम्पर्क: Phone : 977-01-4417434
FAX : 977-01-4443076
Email : chpcl@wlink.com.np

# PROJECT ENGINEERS


L.N Bhattarai
Project Manager


P.M. Shrestha
Civil Division Chief


M.B. Pande
Division Chief


H.D. Shakya
Plant Manager


M.P. Koirala
Division Chief


G.M. Shrestha
Site Incharge


B.B. Thapa
Site Incharge


B.L. Shrestha
Site Incharge


R.G. Siwakoti
Site Incharge


T.H. Bajracharya
Site Incharge


J.K. Bajracharya
Survey Incharge


K.K. Pandit
Site Engineer


G.D. Amatya
Site Engineer


R. Acharya
Survey Engineer


B. Gurung
Quality Control Eng.

## ACCOUNT/ADMINISTRATION


B.B. Dhungana
Finance Officer


K.P. Dhital
Adm. Officer


B.P. Khanal
Store Incharge

# PHOTOGRAPHS OF CHILIME HYDROPOWER PROJECT

## (Before and after construction)



Headworks Site before construction



Headworks diversion during construction



Headworks during construction



Diversion Weir & Intake



Headworks View



Gravel Trap



Open Power Canal



Desanding Basin



Bemdang Intake & Feeder Canal



Syphon Beneath Bemdang Khola



Partially Completed Reservoir



Partially Completed Reservoir Close View



Forebay



Steel Lined Pressure Conduit



Headrace Tunnel (D-Shape Lining)

# SANJEN (UPPER CHILIME) HYDROELECTRIC PROJECT

## SALIENT FEATURES

| | |
|---|---|
| **Location** | Chilime V.D.C. of Rasuwa district. |
| **Type of Project** | Peaking Run-off-river |
| **Hydrology** | |
| Catchment area (Dam site) | 180 $km^2$ |
| 90% dependable flow | 2.3 $m^3/s$ |
| Design flow | 7.5 $m^3/s$ (Tailwater) and 1.0 $m^3/s$ from Chhobar khola |
| Design flood (100 years) | 182 $m^3/s$ |
| **Geology** | |
| Rock Type | Medium grade metamorphosed schist and quartzite |
| **Head** | |
| **Gross** | 410 m |
| **Net** | 400 m |
| **Headrace Tunnel** | |
| Length | 3.7 km |
| Size | 2.8 m (w) x 2.8 m (h) |
| **Surge Tank** | |
| Type | Simple Cylindrical |
| Size | 35 m (h), 6 m (dia) |
| **Penstock** | |
| Size | 767 m (l), 1.5~1.9 m (dia) |
| **Powerhouse** | |
| Type | Surface |
| Size | 40 m (l) x 13 m (b), 13 m (h) |
| **Tailrace** | 50 m (l) x 3 m (b) x 2 m (h) |
| **Turbine** | |
| Type | Pelton, Vertical Axis |
| Capacity | 2 Nos., 15 MW each |
| **Generator** | |
| Type | 3 Phase Synchronous AC |
| Rated Power | 2 Nos., 17.0 MVA each |
| **Annual Average Energy** | 182.6 GWh |
| **Transmission Line** | |
| Length | 80 km |
| Voltage | 132 kV |

# PROJECTS UNDER STUDY IN THE UPPER REACHES OF CHILIME KHOLA.

The Sanjen Khola (upper reaches of Chilime Khola from existing Chilime headworks) originates from eastern slope of Salasungi Himal (El. 7052 m), a part of the Himalayan range in the highland area and joins with Chhovar Khola, then after it is called Chilime Khola. The Chilime Khola is a tributary of Bhote Koshi (Trishuli) river located between latitudes 28°20' to 28°11' North and Longitude 85°21' to 85°29' East. It flows almost Eastward in the upper reaches and South-East down to the confluence with Bemdang Khola. It continues to flow almost East to join Bhote Koshi river. The length of Chilime Khola upto Bemdang Khola confluence is about 22 km and the total length upto Bhote Koshi river is about 26 km. The total drainage area of Chilime Khola is about 227 $km^2$ at weir site of existing Chilime Hydropower Plant. The stream flows with an average gradient of about 1 in 9.

The stretch of Chilime Khola from the weir site of existing power plant to 1.5km upstream from the confluence of Sanjen Khola (Chilime) and Chhovar Khola is about 6km long having total head of 600m. Thus the river gradient at this stretch of the river is about 1 in 10. This stretch is found suitable for the development of another hydropower plant(s). The upstream of this stretch is also suitable for hydropower development in the future.

